नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइ

मोरङ, विराटनगर

प. सं. : ०८३/८४
च. नं. : ४८३

मितिः २०८३/०७/११

२०८३ सालको एसईई आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना !!!

श्री सबै माध्यमिक विद्यालयहरु,
मोरङ ।

प्रस्तुत विषयमा २०८३ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा समावेश हुने परीक्षार्थीहरुका लागि आवेदन फराम भर्ने भराउने सम्बन्धी श्री राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा -१० को मिति २०८३/०७/०९ गते प्रकाशित सूचना बमोजिम तपशिल अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

तपशिल :

१) साधारण तथा प्राविधिक धार तर्फ

विद्यार्थीहरुले विद्यालयमा फाराम भर्ने २०८३ कार्तिक ९ गते देखि मिति २०८३ मंसिर ८ गतेसम्म र विद्यालयहरुले राजश्व बुझाएको अनलाइन बैंक भौचर संलग्न राखी फाराम यस एकाइमा बुझाउने अन्तिम मिति २०८३ मंसिर १४ गते सम्म (विद्यालयहरुको सहजताको लागि फाराम बुझाउने तालिका पछि प्रकाशन गरिनेछ) ।

➢ फारामका साथमा संलग्न गर्नुपर्ने कागजातहरु:

क) प्र.अ.बाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

ख)आधारभूत तह (कक्षा ८) उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपी (शैक्षिक सत्र २०८१ वा सो भन्दा पहिले उत्तीर्ण भएको हुनुपर्ने)

ग) विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो फाराममा टाँस गरी प्र.अ.बाट प्रमाणित गर्नुपर्ने।

घ) एकाइबाट इमेल मार्फत प्राप्त Registration Number 2083 को Student Triplicate (प्र.अ.बाट प्रमाणित)

ङ) परीक्षार्थीहरुको समष्टिगत फाराम (प.नि.का.को ढाँचामा A4 साइजमा २ प्रति प्रिन्टेड प्रमाणित प्रति)

छ) एकाइबाट इमेल मार्फत प्राप्त रजिष्ट्रेशन नम्बर सहितको परीक्षार्थीहरुको विवरणमा केही गल्ती भएमा **Supporting Documents** सहित रातो मसिले सच्याउने र प्रत्येक पेजमा प्र.अ.ले अनिवार्य रुपमा प्रमाणित गरी छुट्टै फायल तयार गरी एकाइमा बुझाउने ।

२) खुला तथा वैकल्पिक तर्फ (आवेदन फाराम सम्बन्धी)

➢ फारामका साथमा संलग्न गर्नुपर्ने कागजातहरु:

क) प्र.अ.बाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (जन्ममिति २०६७ चैत्र मसान्तभित्रको जन्ममिति हुनुपर्ने)

ख) २०८० वा सो भन्दा पहिले कक्षा ८ उत्तीर्ण प्रमाणपत्र (मिति २०८३/०७/०९ देखि २०८३/०८/०८ भित्र अभिलेख अनुसार ठिक छ भनी प्रमाणपत्र जारी गर्ने स्थानीय तह/ कार्यालयको अधिकृतबाट मिति उल्लेख गरी प्रमाणित (भेरिफिकेशन) गरिएको हुनुपर्ने)

ग) तत्कालिन जि.शि.का.ले विद्यालयलाई अनौपचारिक प्रौढ विद्यालय वा खुला बैकल्पिक विद्यालय सञ्चालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि

घ) विद्यार्थीले निर्देशिकाले तोकेको सबै सर्तहरु पुरा गरेको सिफारिस सहित प्र.अ. बाट प्रमाणित कागजातहरु

ङ) विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो फाराममा टाँस गरी प्र.अ.बाट प्रमाणित गर्नुपर्ने

शाखा अधिकृत

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइ

मोरङ, विराटनगर

प. सं. : ०८३/८४
च. नं. :४८३

३) <u>ग्रेडवृद्धितर्फ (आवेदन फाराम सम्बन्धी)</u>

- २०८०, २०८१ वा २०८२ सालको SEE नियमित वा ग्रेडबृद्धि (पूरक) परीक्षाका परीक्षार्थीहरुले NG आएका र अनुपस्थित भएका विषयमा मात्र ग्रेडबृद्धि परीक्षाको लागि आवेदन फाराम भर्नुपर्नेछ ।
- फाराम पहेलो रंगको हुनुपर्ने ।
- <u>फारामका साथमा संलग्न गर्नुपर्ने कागजातहरु:</u>
  क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि
  ख) ग्रेडसिटको प्रतिलिपि
  घ) हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो फाराममा टाँस गरी प्र.अ.बाट प्रमाणित गर्नुपर्ने ।
- अन्य व्यवस्था नियमित विद्यार्थी सरह नै हुने ।

४) <u>राजश्व शुल्क (साधारण तथा प्राविधिक, खुला तथा बैकल्पिक र ग्रेडबृद्धि तर्फ)</u>

बैकको नाम. ठेगाना	कृषि विकास बैक लि.
कार्यालय·	शिक्षा विकास तथा समन्वय एकाइ, मोरङ (३५००११३०१)
शीर्षक विवरण	शिक्षा क्षेत्रको आम्दानी (१४२२३)
वापत	परीक्षा आवेदन शुल्क
आय वर्ष	२०८३/२०८४

- आवेदन शुल्क- प्रति परीक्षार्थी रु. ५००।-
- राजश्व बुझाउने अन्तिम मिति २०८३ मंसिर ८ गते सम्म
- अनलाइन बैक भौचर हुनुपर्ने (यसका लागि तोकिएको मिति भित्र **revenue.fcgo.gov.np** मा Log In गरी तोकिए बमोजिमको सहि विवरण भरेर भौचर प्रिन्ट गरी सम्बन्धित बैकमा राजश्व रकम बुझाई बैकले प्रमाणित गरेको सक्कल भौचर फारामसँग संलग्न राखी पेश गर्नुपर्ने)

<u>पुनश्चः</u>

- २०८३ सालको एसईई परीक्षामा सहभागी हुन रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीहरुको रजिष्ट्रेशन नम्बर सहितको विवरण पनिकाबाट प्राप्त भएपछि सम्बन्धित विद्यालय र प्र.अ. को इमेलमा पठाइनेछ ।
- कक्षा १० को आवेदन फाराम भर्ने अन्य थप जानकारी विद्यालय तथा प्र.अ. को इमेल ठेगानामा पठाइएको छ ।
- थप जानकारीका लागि निम्न ठेगानामा हेर्न सकिनेछः

क) एकाइको फेसबुक पेजः **EDCU Morang**
ख) एकाइको वेवसाइटः **https://morang.edcu.gov.np**
ग) परीक्षा नियन्त्रण कार्यालयको वेवसाइटः **www.see.gov.np**

२०८३।१।१
सुरेन्द्र भट्टराई
शाखा अधिकृत

शाखा अधिकृत

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी, भक्तपुर
सूचना प्रकाशन मितिः २०८३।०७।०९

२०८३ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा कक्षा–१० (एसईई) मा समावेश हुनका लागि परीक्षा आवेदन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

२०८३ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सामावेश हुनका लागि शैक्षिक सत्र २०८३ मा कक्षा १० मा नियमित रूपमा अध्ययनरत विद्यार्थीले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक विद्यालय र प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीसमेत) २०८३ कात्तिक ०९ गतेदिख २०८३ मङ्सिर ०८ गतेभित्र प्रतिपरीक्षार्थी परीक्षा दस्तुर रु. ५००।– (पाँच सय) सहित आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तहका शिक्षा शाखा/महाशाखारविद्यालय तथा विद्यार्थीको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि

हाल कक्षा १० मा नियमित विद्यार्थीका रूपमा अध्ययनरत विद्यार्थीहरूलेः (क) रजिस्ट्रेसन अर्धकट्टीको प्रतिलिपि (ख) शैक्षिक सत्र २०८१ वा सोभन्दा पहिले आधारभूत तह (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि (ग) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोसाकमा हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउने

२. खुला, वैकल्पिक तथा अनौपचारिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि

(क) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमअन्तर्गत तोकिएका सबै सर्त पूरा गरेको सिफारिससहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउने। खुला वैकल्पिक तर्फका विद्यार्थीहरूले कक्षा ८ वा सोसरहको आधारभूत तह उत्तीर्ण गरेको दुई वर्षपश्चात् कक्षा ९ र १० को कार्यक्रममा भर्ना भई अध्ययन गरेको **(प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशन भएपछि भेरिफिकेसन गरिएको)** र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि प्रधानाध्यापकबाट प्रमाणित गरी पेस गर्नुपर्ने छ। अनौपचारिक विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा शिक्षा विकास तथा समन्वय एकाइले विद्यालयको अनुमति पत्रलगायत अन्य कागजात हेरी यकिन गर्नुपर्ने छ।

(ख) अनौपचारिक विद्यालयमा अध्ययनरत विद्यार्थीले तोकिएका सबै सर्त पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको दुईप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउनुपर्ने छ।

३. शिक्षा नियमावली(संशोधनसहितको) नियम ७८(६) तथा नियम ८३ बमोजिमका विद्यार्थी २०८३ सालको माध्यमिक शिक्षा परीक्षामा समावेश हुन सक्ने छन्।

४. विद्यालयहरूले उल्लिखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठिकसँग भरे नभरेको रुजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी अङ्ग्रेजी अल्फावेटको बढ्दो क्रममा फारामहरू राखी समष्टिगत र फारामको क्रम मिले नमिलेको जाँच गरी परीक्षा दस्तुरबापतको राजस्व जम्मा गरेको भौचर वा नगदी रसिदसमेत संलग्न राखी २०८३ मङ्सिर १४ गते (अन्तिम मिति) भित्र उक्त फाराम शिक्षा विकास तथा समन्वय एकाइमा बुझाइ सक्नुपर्ने छ।

५. परीक्षा दस्तुरबापतको राजस्व शिक्षा विकास तथा समन्वय एकाइले बैङ्कमा जम्मा गरिसक्ने अन्तिम मिति २०८३ मङ्सिर १५ गतेसम्म कायम गरिएको छ। राजसव शीर्षक नं. १४२२३ रहेको छ।

६. शिक्षा विकास तथा समन्वय एकाइले प्राप्त आवेदन फाराम कम्प्युटरमा Entry गरी रुजुसमेत गरी Electronic copy मिति २०८३ साल पुस मान्त (अन्तिम मिति) भित्र राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइसक्नुपर्ने छ।

७. राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० तथा सम्बन्धित शिक्षा विकास निर्देशनालयको समन्वयमा शिक्षा विकास तथा समन्वय एकाइले पनिका कक्षा १० बाट पठाएअनुसारको आठ अङ्कको सिम्बोल नम्बर र अल्फावेटसमेत कायम गरी प्रवेशपत्र उपलब्ध गराउनुपर्ने छ। सम्बन्धित शिक्षा विकास निर्देशनालयसँगको समन्वयमा शिक्षा विकास तथा समन्वय एकाइले २०८३ माघ ७ गते भित्र अनिवार्यरूपमा परीक्षा केन्द्र निर्धारण गरी जिल्ला परीक्षा समन्वय समितिबाट निर्णय गराई पनिका कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइसक्नुपर्ने छ। परीक्षा केन्द्र कायम गर्दा विद्यार्थीहरूलाई पायक पर्ने गरेर र इमेल, इन्टरनेट, प्रिन्टर, फोटोकपी र ब्याकअप भएका विद्यालयलाई प्राथमिकता दिनुपर्ने छ। परीक्षा केन्द्र निर्धारण गर्दा विद्यालयहरूको नाम र कोड नम्बर उल्लेख गर्नुपर्ने छ। परीक्षा केन्द्र निर्धारण गर्दा प्रतिकेन्द्र दुर्गम/हिमाली क्षेत्रमा कम्तीमा १५०, पहाडी क्षेत्रमा कम्तीमा २५० र तराई, भित्री मधेस र उपत्यकामा ३०० भन्दा बढी ४०० सम्म विद्यार्थी संङ्ख्या रहने गरी तथा ग्रेडबृद्धि र प्राविधिक धारतर्फका विद्यार्थी सङ्ख्याको आधारमा जिल्ला सदरमुकाममा वा एकभन्दा बढी रहने भएमा पायक पर्ने स्थानमा पर्ने गरी निर्धारण गर्नुपर्ने छ।

८. स्वीकृत फारामको अभिलेख प्रति (Office Copy) राष्ट्रिय परीक्षा बोर्डले माग गरेको बेला प्रस्तुत गर्ने गरी सुरक्षित राख्ने र प्रवेशपत्र (Student Copy) को शिक्षा विकास तथा समन्वय एकाइले सिम्बोल नम्बर कायम गरी सम्बन्धित विद्यार्थीले परीक्षाको समयमा प्राप्त गर्ने गरी विद्यालयमार्फत वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

९. आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्ने छ। एकभन्दा बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबैतर्फका फारामहरू रद्द गरिने छन्। कक्षा १० मा अन्य विद्यालय तथा जिल्लाबाट स्थानान्तरण भई नयाँ भर्ना हुन आउने विद्यार्थीको हकमा संशोधित शिक्षा नियमावलीअनुसार गरी त्यस्ता खाले विद्यार्थीको छुट्टै अधिलेख राखी पनिका र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाउनुपर्ने छ। कक्षा १० को परीक्षा दिने बिदेसी विद्यार्थीको विवरण पनि छुट्टै पठाउनुपर्ने छ।

१०. तोकिएको समयभित्र आवेदन फाराम नभर्ने विद्यार्थीले एसईई परीक्षा २०८३ मा सामेल हुन पाउने छैनन्। त्यसका लागि सम्बन्धित विद्यालयले समयमै सबै विद्यार्थीबाट फाराम भराउने व्यवस्था मिलाउनुपर्ने छ।

११. विद्यालयले आन्तरिक अङ्क तालिका र अन्य विवरणसहितका कागजात २०८३ माघ मसान्तभित्र शिक्षा विकास तथा समन्वय एकाइमा बुझाउने र एकाइले २०८३ फागुन ७ गतेभित्र राजस्वको विवरण, अयोग्य विद्यार्थीहरूको विवरण र विद्यार्थीहरूको आन्तरिक अङ्क समेत पनिकामा अनिवार्य आइपुग्ने गरी पठाउनुपर्ने छ। आन्तरिक अङ्क पठाउँदा विषयगत भार यकिन गरी पछिसम्म फरक नपर्ने गरी पठाउनुपर्ने छ। राजस्वको विवरण पठाउँदा विद्यालय कोडको बढ्दो क्रममा विद्यालयगत विद्यार्थी सङ्ख्या र विद्यालयले बुझाएको राजस्व रकम स्पष्ट खुल्ने विवरण तयार गरी पठाउनुपर्ने छ।

१२. खुला, वैकल्पिक तथा अनौपचारिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र सबै प्रक्रिया पूरा गरी कक्षा १० मा भर्ना भई अध्ययन गर्ने बिदेसी विद्यार्थीले रजिस्ट्रेसन फाराम र आवेदन फाराम सँगै भर्नुपर्ने छ।

१३. ग्रेडवृद्धि तर्फ (साधारण, परम्परागत, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक विद्यालयका परीक्षार्थी)

(अ) २०८० सालको नियमित वा ग्रेडबृद्धि (पूरक) परीक्षाका परीक्षार्थीले **NG**आएका र अनुपस्थित भएको विषयमा मात्र ग्रेडवृद्धि परीक्षाका लागि आवेदन फाराम भर्नु भराउनुपर्ने छ। आवेदन फाराम भर्दा परीक्षार्थीले आफूले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नुपर्ने छ। एक विद्यालयले अर्को विद्यालयमा अध्ययन गरेका विद्यार्थीको आवेदन फाराम भराउन पाइने छैन। अन्य विद्यालयबाट आवेदन फाराम भरे भराएमा स्वतः रद्द हुने छ।

(आ) १३(अ) अनुसारका परीक्षार्थीले हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो टाँसी आवेदन फाराम भरी देहायका कागजात संलग्न राखी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउनुपर्ने छ।
(क) रजिस्ट्रेसन स्लिपको प्रतिलिपि (ख) ग्रेडसिटको प्रतिलिपि

(इ) ग्रेडवृद्धितर्फका परीक्षार्थीहरूले पहेँलो रङको फाराम मात्र प्रयोग गर्नुपर्ने छ।

१४. सम्बन्धित शिक्षा विकास निर्देशनालयहरूले उल्लिखित सूचनाबमोजिम विद्यार्थीहरूको परीक्षा आवेदन फाराम भराउने तथा परीक्षा केन्द्र कायम गर्नेलगायतका कार्यहरूमा सम्बन्धित प्रदेशअन्तर्गतका शिक्षा विकास तथा समन्वय एकाइहरूलाई सहजीकरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

यससम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको website neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं. ०१६६३०८१९ मा सम्पर्क गरेर वा Website www.see.gov.np,,शिक्षा विभागको Website www.cehrd.gov.np र सम्बन्धित प्रदेश शिक्षा विकास निर्देशनालयको वेबसाइट हेरेर प्राप्त गर्न सकिने छ।

परीक्षा नियन्त्रक

शिक्षा विकास तथा समन्वय एकाइ, मोरङ

(क) कक्षा १० को आवेदन फाराम २०८३ सम्बन्धी जानकारी (साधारण तथा प्राविधिक धार तर्फ) फारामका साथमा संलग्न कागजातहरु र ध्यान दिनुपर्ने कुराहरु

१. आवेदन वापतको राजश्व रकमको सक्कल अनलाइन बैंक भौचर (२०८३ मंसिर ८ गते भित्र - प्रति विद्यार्थी रु. ५००।-)

२. आवेदन फाराम बापतको सक्कल रातो रसिद

३. एकाइबाट प्राप्त Registration Number 2083 को Student Triplicate (प्रधानाध्यापकले हरेक पेजमा प्रमाणित गरी विद्यालयको छाप लगाउनु पर्ने)

४. सो Registration Number का आधारमा परीक्षामा सामेल हुने विद्यार्थीहरुको आवेदनको २ प्रति A4साइजमा प्रष्ट बुझिने गरीको Printed समष्टिगत फाराम (परीक्षामा सामेल नहुनेहरुको महल खाली नराख्रे र विवरण समेत नलेख्रे) **हातले भरेको समष्टीगत फाराम मान्य हुने छैन ।**

५. कक्षा ८ को प्रमाणपत्रको प्रतिलिपि (२०८१ साल वा सो भन्दा अगाडीको)

६. प्र.अ. द्वारा प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

७. एकाइबाट प्राप्त Registration Number 2083 को आधारमा सिलसिलेवार रुपमा आवेदन फाराम र आवश्यक कागजात राखी बढिमा २५ जना विद्यार्थी बराबर एउटा फायलका दरले तयार गरी थैलामा हाली उक्त थैलामा तपसिलको विवरण उल्लेख गर्ने (२०८३ भन्दा अगाडी रजिष्ट्रेशन भएका पुराना विद्यार्थी भएमा नियमित भन्दा अगाडी राखी Ascending Order मा समष्टिगत र आवेदन फाराम समेत मिलाउने)

Application Form 2083
Class: **Ten**
School Code No:
Name of School:
No. of Students:

८. परीक्षा शाखाबाट आवेदन फारामरुजुगराई एकाइ र एकाइ प्रमुखको छाप लगाई फाराम बुझाएर भरपाई समेत गर्ने

९. केरमेट गरिएको, टिपेक्स प्रयोग गरिएको, Double Writing, Over Writing भएको फाराम मान्य नहुने

(ख) ग्रेडवृद्धि आवेदन फाराम २०८३ सम्बन्धी जानकारी

फारामका साथमा संलग्न कागजातहरु र ध्यान दिनुपर्ने कुराहरु

१. आवेदनवापतको राजश्व रकमको सक्कल अनलाइन बैंक भौचर (नियमित समूह सरह)
२. आवेदन फाराम बापतको सक्कल रातो रसिद
३. परीक्षामा सामेल हुने परीक्षार्थीहरुको Registration Number का आधारमा आवेदनको २ प्रति A4 साइजमा प्रष्ट बुझिने गरीको Printed समष्टिगत फाराम
४. रजिष्ट्रेशनको अर्धकट्टीको प्रतिलिपि
५. ग्रेडसिटको प्रतिलिपि
६. आवेदन फाराम पहेलो रंगको हुनुपर्ने
७. परीक्षार्थीहरुले पहिले दिएका परीक्षाका सबै वर्षका Symbol Noक्रमशः उल्लेख गर्नुपर्ने
८. २०८०, २०८१ वा २०८२ सालको नियमित वा ग्रेडबृद्धि (पुरक) परीक्षाका परीक्षार्थीहरुले NG भएकार अनुपस्थित भएका विषयमा मात्र ग्रेडबृद्धि परीक्षाको लागि आवेदन फाराम भर्नुपर्ने
९. परीक्षामा सामेल हुने परीक्षार्थीहरुको Registration Number का आधारमा Ascending Order मा समष्टिगत र आवेदन फाराम समेत मिलाउने
१०. परीक्षा शाखाबाट आवेदन फाराम रुजु गराई एकाइ र एकाइ प्रमुखको छाप लगाई फाराम बुझाएर भरपाई समेत गर्ने

(ग) Student Triplicate (Registration List) 2083 को विवरण रुजु तथा सच्याउने सम्बन्धी जानकारी

एकाइबाट इमेल मार्फत प्राप्त Student Triplicate (Registration List) 2083 का आधारमा विद्यार्थीहरुको विवरण (नामथर, जन्ममिति, ऐच्छिक विषयहरु) फरक परेमा सच्याउन जन्मदर्ता, कक्षा ८ को प्रमाणपत्र, आदिको प्रतिलिपि संलग्न गरी सोही Student Triplicate (Registration List) 2083 मा रातो मसिले गल्ति भएको विवरणमा गोलो घेरा लगाइ नजिकैको खालि ठाउँमा निजको हुनुपर्ने विवरण लेखी हरेक पेजमा प्रधानाध्यापकले प्रमाणित गरी विद्यालयको छाप लगाई छुट्टै फायलमा राखी फाराम बुझाउन आउदा लिएर आउनु पर्ने

SECONDARY EDUCATION EXAMINATION 2082
SUBJECT CODE FOR NEW COURSE

Order	Code	Subject Name	Th (FM)	Pr (FM)
1	1021	COMP. NEPALI	75	25
1	1061	ELEC. ENGLISH	75	25
2	1011	COMP. ENGLISH	75	25
2	1071	COMP. SANSKRIT RACHANA	75	25
2	1141	COMP. AREBIC BHASHA	75	25
3	1031	COMP. MATHEMATICS	75	25
4	1041	COMP. SCIENCE AND TECHNOLOGY	75	25
4	1081	COMP. SUKLA YAJURVED	75	25
4	1091	COMP. SAMVED	75	25
4	1101	COMP. RIGVED	75	25
4	1111	COMP. ATHERBAVED	75	25
4	1121	COMP. NITISASTHARA	75	25
4	1151	COMP. SIRAT AND ISLAMI	75	25
5	1051	COMP. SOCIAL STUDIES	75	25
5	1131	COMP. SANSKRIT BHASHA AND BYAKARN	75	25
5	2023	ADDITIONAL MATHEMATICS	75	25
6	2011	OPT.I ECONOMICS	75	25
6	2021	OPT.I ADDITIONAL MATHEMATICS	75	25
6	2031	OPT.I POPULATION EDUCATION	75	25
6	2041	OPT.I ENVIRONMENT SCIENCE	75	25
6	2051	OPT.I GEOGRAPHY	75	25
6	2061	OPT.I HISTORY	75	25
6	2071	OPT.I CIVICS	75	25
6	2081	OPT.I SOCIOLOGY	75	25
6	2091	OPT.I NEPALI	75	25
6	2101	OPT.I ENGLISH	75	25
6	2111	OPT.I PALI	75	25
6	2121	OPT.I URDU	75	25
6	2131	OPT.I TIBBETI	75	25
6	2141	OPT.I MAITHILI	75	25
6	2151	OPT.I NEPAL BHASHA	75	25
6	2161	OPT.I FRENCH	75	25
6	2171	OPT.I BHOJPURI	75	25
6	2181	OPT.I RUSSIAN	75	25
6	2191	OPT.I JAPANESE	75	25
6	2201	OPT.I AREBIC	75	25
6	2211	OPT.I CHINESE	75	25
6	2221	OPT.I GARMAN	75	25
6	2231	OPT.I KOREAN	75	25
6	2241	OPT.I BANGALI	75	25
6	2251	OPT.I LATIN	75	25
6	2261	OPT.I GREEK	75	25
6	2271	OPT.I SPANESE	75	25
6	2281	OPT.I MALAYA	75	25
6	2291	OPT.I HIBRU	75	25
6	2301	OPT.I HINDI	75	25
6	2311	OPT.I PARSIAN	75	25
6	2321	OPT.I AREBIC LANGUAGE, LITE AND GRAMMAR	75	25
6	2331	OPT.I URDU LANGUAGE, LITE AND GRAMMAR	75	25
6	2341	OPT.I BHOT LANGUAGE	75	25
6	2351	OPT.I AWADHI	75	25
6	2361	OPT.I RURAL DEVELOPMENT	75	25
6	2371	OPT.I GENERAL LAW	75	25
6	2381	OPT.I HUMAN VALUE EDUCATION	75	25
6	2391	OPT.I COOPERATIVE EDUCATION	75	25
6	2401	OPT.I BUSINESS MATHMATHICS	75	25
6	2411	OPT.I BAZAR SHASTRA	75	25
6	2421	OPT.I PRAKRITIC CHIKITSHA	75	25
6	2431	OPT.I SANSKRIT	75	25
6	2441	OPT.I AYURBED	75	25
6	2451	OPT.I FALIT JYOTISH	75	25
6	2461	OPT.I NITI SHASTRA	75	25
6	2471	OPT.I BASTU SHASTRA	75	25
6	2481	OPT.I YOGA EDUCATION	75	25
6	2491	OPT.I KARMAKANDA	75	25
7	3011	OPT.II OFFICE MGMT & ACCOUNT	75	25
7	3021	OPT.II EDUCATION	75	25
7	3031	OPT.II COMPUTER SCIENCE	50	50
7	3041	OPT.II HEALTH & PHYSICAL EDUCATION	50	50
7	3051	OPT.II AGRICULTURE	50	50
7	3061	OPT.II SCIENCE	75	25
7	3071	OPT.II HOME SCIENCE	75	25
7	3081	OPT.II AUDITING	75	25
7	3091	OPT.II ELEMENTRY CHILD DEVELOPMENT EDU	75	25
7	3101	OPT.II PHOTOGRAPHY	75	25
7	3111	OPT.II JOURNALISM	75	25
7	3121	OPT.II DRISHYAKALA	75	25
7	3131	OPT.II HANDICRAFT	75	25
7	3141	OPT.II KESHKALA	75	25
7	3151	OPT.II HORTICULTURE	75	25
7	3161	OPT.II FLOWERICULTURE	75	25
7	3171	OPT.II FRUIT FARMING	75	25
7	3181	OPT.II FOOD SCIENCE	50	50
7	3191	OPT.II NEEDLE WORK	50	50
7	3201	OPT.II SILK FRAMING AND BEE KEEPING	75	25
7	3211	OPT.II LIVE STOCK	75	25
7	3221	OPT.II VEGETABLE FARMING	75	25
7	3231	OPT.II SAUNDARYA SHASTRA	75	25
7	3241	OPT.II FISHARIES	75	25
7	3251	OPT.II BUDHYAULI EDUCATION	75	25
7	3261	OPT.II POULTRY FRAMING	75	25
7	3271	OPT.II JADIBUTI FARMING	75	25
7	3281	OPT.II FINANCE AND BANKING	75	25
7	3291	OPT.II HOTEL MANAGEMENT	75	25
7	3301	OPT.II TOURISM	75	25
7	3311	OPT.II MUSIC	75	25
7	3321	OPT.II BOUDHA EDUCATION	75	25
7	3331	OPT.II DINIYAT	75	25
7	3341	OPT.II BETBANS AND SILPAKALA	75	25
7	3351	OPT.II KARMA KANDA	75	25
7	3361	OPT.II BASTUSHASTRA	75	25
7	3371	OPT.II RIG VED	75	25
7	3381	OPT.II JYOTISH	75	25
7	3391	OPT.II YOG	75	25
7	3401	OPT.II ATHARVA VED	75	25
7	3411	OPT.II SANSKRIT SAHITYA	75	25
7	3421	OPT.II SUKLA YAJURVED	75	25
7	3431	OPT.II SAM VED	75	25
7	3441	OPT.II BYAKARNA	75	25
7	3451	OPT.II NYAYA	75	25
7	3461	OPT.II PHILOSOPHY	75	25
7	3471	OPT.II ITIHAS PURAN	75	25

TECHNICAL SUBJECT

Order	SUB CODE	SUBJECT NAME	STREAM	Th (FM)	Pr (FM)
6	4011	Animal Health	ANS	50	50
6	4111	Industrial Agriculture and Fish Culture	PLS	50	50
6	4211	Data Structure and OOP Concept Using C++	COE	50	50
6	4311	Building Construction and Drawing	CIE	50	50
6	4411	Electrical Machine	ELE	50	50
6	4511	शास्त्रीय सङ्गीत	Music	50	50
7	4021	Dairy Product Technology	ANS	50	50
7	4121	Food Crop Production	PLS	50	50
7	4221	Computer Hardware, Electronics Repair & Maintenance	COE	50	50
7	4321	Highway Engineering	CIE	50	50
7	4421	Basic Electronics	ELE	50	50
7	4521	नेपाली लोक सङ्गीत	Music	50	50
8	4031	Veterinary Laboratory Technology	ANS	50	50
8	4131	Horticulture Crop Production	PLS	50	50
8	4231	Data Based Management System	COE	50	50
8	4331	Engineering Surveying	CIE	50	50
8	4431	Industrial Installation and Maintenance	ELE	50	50
8	4531	पाश्चात्य सङ्गीत	Music	50	50
9	4041	Aquaculture and Fisheries	ANS	50	50
9	4141	Floriculture and Nursery Production	PLS	50	50
9	4241	Digital Design & Microprocessor	COE	50	50
9	4341	Estimating, Costing and Supervision	CIE	50	50
9	4441	Utilization of Electrical Energy	ELE	50	50
9	4541	गायन	Music	50	50
9	4551	वादन	Music	50	50
9	4561	नृत्य	Music	50	50